# भूमि तथा कृषि अधिकार अभियान
## मासिक अपडेट
## मे, २०१७

**आत्मनिर्भर केन्द्र, जिल्ला भूमि अधिकार मञ्चहरु र राष्ट्रिय भूमि अधिकार मञ्चले मे महिनामा गरेका गतिविधीको संक्षिप्त अपडेट सम्बन्धीत सबैको जानकारीका लागि तयार गरिएको छ।**

### मुख्य अभियान, क्रियाकलाप र उपलब्धीहरु

### संयुक्त लालपुर्जा

बर्दियामा २२, दाङ्ग ३, सर्लाहीमा ६, महोत्तरीमा ८, सिरहामा ८ र ओखलढुङ्गामा २० गरि जम्मा **६७** जोडीले संयुक्तपुर्जा बनाएका छन्। यसरी संयुक्तपुर्जा बनाईएको जग्गाको क्षेत्रफल **१७.८ हेक्टर** छ।

### गुठीका किसानले पुर्जा लिए

१२ वर्षको प्रयासपछि रसुवाको पार्वतीकुण्ड गाउँपालिका वडा नं. १ र २ मा बसोबास गर्ने ६० किसान परिवारले जोतभोग गर्दै आएको गुठी जग्गाको मोहीपुर्जा लिन सफल भएका छन्। यसको लागि भूमि अधिकार मञ्च र जिल्लाबाट प्रतिनिधित्व गर्ने सभासद, जिल्लास्थित सम्बन्धीत सरकारी कार्यालयले किसानहरुलाई सघाउनु भएको थियो। २०३५ सालदेखी तिर्न बाँकी कुत मिनाहा गरी प्रति परिवार ५ हजार मात्र लिने गरी सहमती भएपछि पूर्जा लिने प्रक्रिया अघि बढेको थियो। कुत तिर्नको लागि असहाय बालबालिका विकास केन्दले सघाएको थियो। बाँकी ३ सय ४ परिवारले पनि मालपोत कार्यालयमा निवेदन बुझाउने तयारी गरेका छन्।



*पुस्तौंदेखि जोतभोग गर्दै आएको गुठी जमिनको स्वामित्व स्वरुप लालपुर्जा पाए पछि खुसी हुदै रसुवाका हाकुबासीहरु*

### मोही जग्गा बाँडफाँड अभियान

मोही जग्गा बाँडफाँड र जग्गा नामसारीका लागि महोत्तरी, सप्तरी, सिरहा, सर्लाही र बर्दियामा जम्मा ३८१ जनाले निवेदन दर्ता गरेका छन् ।

जिल्ला भूमिअधिकार मञ्च बाँकेको पहलमा बैजनाथ गाँउपालिका-७ टिटिहिरीयाका मोही किसान प्रेमसिंह थारुको १.४८ हेक्टर र सोही गाउँ पालिका पेडारीका सेमलाल थारुले १.४८ हेक्टर जमिनमा मोही हक कायम भएको छ । त्यसैगरी बर्दियाको गुलरिया-१० रत्नपुरका रंगी लोध, छोटे लोध र मुताज नाउ, वडा नं. १० भैसाहीका पहाडी थारु, हिरालाल थारु र पतिराम थारु सहित ६ जनाले १.५८ हेक्टरमा मोही हक कायम गरेका छन् । महोत्तरीमा रविन्द्र चौधरीको ०.१९ हेक्टरमा मोही हक कायम भएको छ ।
सर्लाहीमा १९ जना मोही किसानहरुले २.४ हेक्टरमा मोही कायम गरेका छन् जसमा ७ जना महिला छन् ।

### सदस्यता वितरण र गाउँ मञ्च निर्माण

जिल्ला भूमि अधिकार मञ्च बर्दियामा १४८, ओखलढुङ्गामा ४४, उदयपुरमा ६९, सप्तरीमा ३५३, सर्लाही १०० गरि जम्मा ७१४ जनालाई सदस्यता वितरण भएको छ । सिन्धुपाल्चोकमा ९२६ जनाको सदस्यता नविकरण भएको छ ।

रौतहटमा ३, उदयपुरको चौदण्डी नगरपालिकामा ३ र कटारी नगरपालिकामा २, सर्लाहीमा ३ गरि जम्मा ११ वटा गाउँ मञ्चहरु गठन गरिएको छ । यी संगठनमा महिला २६९ जना र पुरुष २३१ गरि जम्मा ५०० सदस्य छन् । महोत्तरीको मल्हनिया पोखरी गौशालाको महावीर, गौशाला ८ को मनकामना भूमि अधिकार मञ्च पुर्नगठन भएको छ

## गाउँ ब्लक र ऐलानी जग्गाको दावी

वयलवास भूमि अधिकार मञ्च खयरमाराको गाउँब्लक जग्गा नापी भई नापी कार्यालय महोत्तरीवाट ७ दिने सुचना आएकोमा बसोवास गर्ने ६४ घरधुरीले निवेदन पेश गरेका छन् । खयरमारामै ऐलानीमा बसोवास गरिरहेका तर आधारपत्र लिन छुटेका २३ घरपरिवारले वडा कार्यालयवाट आधारपत्र लिएका छन् ।



*आधारपत्र पाए पछि खुसी हुदै खगयरमाराका ऐलानी जग्गा बासीहरु, महोत्तरी*

## स्थानीय स्रोतको उपयोग

सिराहामा लामाडाँडा सामूदायिक वनले शुक्र गाउँ मञ्च र दिनाभद्री गाउँ मञ्चका **४० घरपरिवारलाई २.६८ हेक्टर** खाली जमिन उपयोग गर्न दिने भएको छ । जिल्ला भूमि अधिकार मञ्च सिरहाको पहलमा खाली जग्गा उपयोग सम्बन्धि लामाडाडा सामुदायिक बन उपभोक्ता समितिसँग पटक पटक छलफल गरेपछि जग्गा उपयोग गर्न दिने निर्णय भएको हो ।

महोत्तरीको प्रगतीशिल भूमि अधिकार मञ्च किसान नगरमा समुदाय तहवाट एक लाख र बर्दिवास नगरपालिकावाट दुई लाख सहयोग प्राप्त गरि पक्कि ईनार निर्माण कार्य भईरहेको छ । त्यस्तै सचेतना महिला कृषि सहकारी संस्था खयरमाराको घर बनाउन जिल्ला समन्वय समिति महोत्तरीवाट १ लाख विनियोजन भएको छ ।




*जिल्ला मञ्च सर्लाही र महोत्तरीमा अगुवा प्रशिक्षण कार्यक्रममा उपस्थित सहभागिहरु*

## मोही भेला सम्पन्न

जिल्ला भूमि अधिकार मञ्च उदयपुर र महोत्तरीमा मोही भेला भएको छ । भेलामा मोहीहरुको नामसारी दर्ता गर्न भूमि सुधार कार्यालयका कर्मचारीहरुको आलटाल गरेको र जग्गाधनी उपस्थित हुनुपर्ने, प्रत्येक वर्ष कुत तिरेको भर्पाई दिनुपर्ने र मोहियानी हक प्रमाणपत्रको मोठ हेर्नको लागि १ हजार देखि ७ हजार सम्म पैसा माग गरेको बिषयमा छलफल गरिएको भयो । त्यसैगरि लेखापढी संघका लेखन्दास, वकिलहरु र भूमिसुधार फाँटका कर्मचारीहरुले मोहीहरुसँग प्रमाण नभएको र जग्गाधनीसंग केहि रकम लिएर मिलापत्र गर्ने हो भने मिलाउन तयार रहेको भनि निरासामा पारिरहेका र स्थानीय निकायका कर्मचारीहरुले पनि मुद्दा दर्ताको लागि कुत बुझाएको भर्पाई, लगायतका सम्पूर्ण कागजात लिई जग्गाधनी लिएर आए मात्र सिफारिस गरिदिने भन्ने गुनासो मोहीहरुको रहेकोले गाईघाट, भूमरसुवा, हँडिया र जोगिदहका मोहीहरुबाट आएको थियो ।



भेलाबाट मोही निवेदन दर्ता सम्बन्धि आएका अप्ठेरो फुकाउनका लागि उदयपुरमा कृष्णबहादुर दनुवारको अध्यक्ष्यतामा २ जना महिला सहित ९ जना सदस्यीय समिति चयन भएको छ भने महोत्तरमा ५ सदस्यीय समिती चयन भएको छ । भेलाले सिफारिसको लागि नगरपालिका प्रमुखसंग अडान सहितको छलफल गर्ने, पत्रकार सम्मेलन गरि मालपोत कार्यालयमा धर्ना, अथवा घेराउ गर्ने र यसका लागि सम्बन्धित व्यक्तिहरुले नै यसको नेतृत्व गर्ने जस्ता योजनाहरु समावेश गरिएका थिए ।

*मोही भेला कार्यक्रममा उपस्थित मोहीहरुसंग छलफल गर्दै, महोत्तरी र उदयपुरका कार्यकर्ता*

## समावेशी पुनर्निर्माण सम्बाद ऋंङ्खला

आत्मनिर्भर केन्द्र र नेशनल कलेजको संयुक्त आयोजनामा "समावेशी पुर्ननिर्माण" विषयक आधादिने छलफल गरिएको छ। ३१ मे २०१७ का दिन नेशनल कलेज वालुवाटारमा भएको कार्यक्रममा पुर्ननिर्माण प्राधिकरणका सदस्य विष्णु भण्डारी र आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले पुर्ननिर्माणलाई समावेशी कसरी बनाउने भन्ने विषयमा छलफल गर्नु भएको थियो ।



*बार्षिक संवाद श्रृंखला अर्न्तगत "समावेशी पुर्ननिर्माण" विषयक छलफलमा उपस्थित वक्ताहरु*

## कोष अभिबृद्धि कार्यशाला सम्पन्न

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र वर्ल्ड जेविस रिलिफको सहकार्यमा २४ मार्च, २०१७ मा एक दिने कोष अभिबृद्धि कार्याशाला (Fundraising Workshop) भयो । भूमिघर धापासी काठमाडौंमा आयोजना भएको कार्याशालामा फ्रेण्डस् सर्भिस काउन्सिल नेपाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालबाट ३१ (१७ महिला) जनाको सहभागिता थियो ।

एक दिने कार्याशालमा सहभागी भई टेवाका अध्यक्ष डा.निर्मला केसी, युथ भिजन नेपालका सञ्चार तथा स्रोत परिचालन कार्यकारी अधिकृत रेवतीरमण ढकाल, विहानीकी सन्तोषी राना र उहाँको टिमले सहजीकरण गर्नुभयो । साथै यही क्रममा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले कोष सङ्कलनमा गरिरहेको अभ्यासबारे मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जीले सुनाउनुभयो ।

कार्यशालामा कोष अभिबृद्धि तथा संकलनका लागि आ-आफ्नै विभिन्न माध्यमहरु रहेका जस्तै तालिम हल, गेस्ट हाउस, सेमिनार सञ्चालन गरि कोष संकलन गर्ने, परामर्श सेवाबाट आम्दानी लिने, देउसी भैलो जस्ता कार्यक्रमबाट संकलन गर्ने, व्यक्तिगत अथवा संस्थागत सहयोग तथा चन्दाबाट संकलन गर्ने, खुत्रुके बचतद्धारा पनि संकलन गरिने बारे बताइएको थियो । त्यसैगरि राष्ट्रिय भूमि अधिकार मञ्चको सन्दर्भमा, मुठ्ठी संकलन, श्रम शिविर मार्फत कोष संकलन गर्ने, खुत्रुके बचत, सामुहिक खेती जस्ता तरिकाबाट संकलन गर्ने कुरा व्यक्त गर्नुभएको थियो ।



*कोष अभिबृद्धि कार्यशाला गोष्ठीमा उपस्थित सहभागिहरु, काठमाडौ भूमिघर*

## जीविकोपार्जनका लागि पशु तथा कुखुरा पालनका लागि तालिम

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा कुखुरा तथा बंगुर पालनका लागि छनोट भएका दलित तथा भूमिहीन परिवारलाई दुई दिने व्यवसायिक तालिम सञ्चालन गरियो । आफ्नो स्वामित्वमा पर्याप्त खेती गर्ने जमिन नभएर व्यवसायिक खेतीका कार्यक्रममा समेटीन नसकेका परिवारलाई कुखुरा पालन तथा बंगुरपालन कार्यक्रममा समेटी सहयोग गरिएको थियो । यसबाट ४० सिमान्तकृत, दलित, भूमिहीन परिवारहरु लाभान्वित भएका छन् । तालिमको सहजीकरण जिल्ला पशु सेवा कार्यालयमा कार्यरत भेटनरी प्राविधिक रामशरण न्यौपानेले गर्नुभएको थियो । तालिममा कार्यक्षेत्रका उत्तरगया, कालिका र नौकुण्ड गाउँपालिकाबाट ३४ महिला र ३ पुरुष जसमा दलित ३४ जनजाति ३ गरि जम्मा ३७ जनाको सहभागिता रहेको थियो ।



*लोकल कुखुरापालन गरी आम्दानी बढाउन तल्लीन हुँदै विष्णुमाया विक, रसुवा*

## कृषि उद्यमबाट आम्दानी

जिल्ला भूमि अधिकार मञ्च महोत्तरीका चारघरे गाउँ भूमि अधिकार मञ्चका कृषकहरुले कृषि उद्यम अर्न्तगत च्याउँ बिक्रिबाट अहिले सम्म **रु. ८०,३५८** आम्दानी गरेका छन् ।



*महोत्तरी जिल्लाको चारधारे गाउँ भूमि अधिकार मञ्चको कृषि उद्यम अर्न्तगतको च्याउ खेती*

## वकालतले ल्याएको परिवर्तन

मानेभन्ज्याङ (सिन्धुपाल्चोक, मेलम्ची नपा-६) तामाङ समुदायको वस्ती हो । ६ महिना पहिले स्वास्थ्य चौकीमा अहेब धनिकलाल राय सहित थप २ जना मात्र कर्मचारी थिए ।  भवन भत्किएको थियो । कार्यालय नियमित खुल्दैनथ्यो । नि:शुल्क भनिएको औषधीको सेवा समेत उपलब्ध थिएन ।स्थानीयका अनुसार उनीहरु केही विरामी परेर स्वास्थ्य चौकी जाँदा कुनै सार्वजनिक विदा या शनिबार परेको हुदैनथ्यो तर पनि उपचार नपाई फर्कन्थे ।

गाउँका सामान्य बिरामीहरु पनि मेडिकल गई महँगो पैसामा उपचार गर्न बाध्य हुन्थे । यसै वेला आत्मनिर्भर केन्द्रद्धारा सञ्चालित समुदायको अगुवाईमा जवाफदेहिताको असल अभ्यास कार्यक्रम अन्तर्गत निर्माण भएको महिला अधिकार मञ्चको बैठक बस्यो । वैठकमा जवाफदेहिता सम्वन्धी बिभिन्न बिषयमा छलफल भयो । जसमा स्वास्थ्यचौकीले निशुल्क रुपमा दिने सेवा सुबिधाबारे पनि छलफल भयो । स्वास्थ्यचौकीले दिने सेवा तथा सुविधाका सबैकुरा मञ्चका सदस्यहरुले थाहा पाए । त्यस पछि महिला अधिकार मञ्चका सदस्यहरु स्वास्थ्य चौकिमा गएर बुझ्न थाले ।

अहिले आएर स्वास्थ्य चौकीमा कर्मचारी थपिएका छन् । त्यसैगरि सेभ द चिल्ड्रनको सहयोगमा ५ कोठे स्वास्थ्यचौकी भवन समेत निर्माण भएको छ । अहिले त्यहाँबाट ३५ थरीका औषधीहरु निशुल्क पाईन्छ । स्वास्थ्य चौकीमा निशुल्क पाईने औषधिको नामलिस्ट सवैले देखिने गरी टाँसिएको छ । कर्मचारीहरु पनि समयमै आउँछन् र स्वास्थ्य चौकिवाट दिइने सेवा प्रभावकारी भएपछि गाउँमै स्वास्थ्य सेवा लिन यस भेगका बिरामीहरु आकर्षित हुन थालेका छन् । अहिले मेडिकलतिर जाने बिरामीको संख्या घट्न थालेको छ । महिला अधिकार मञ्चकी सदस्य माईली तामाङ भन्छिन् “अहिले ४ महिना भयो निकै परिबर्तन आएको छ यसैगरी अरु कार्यालयमा पनि गएर बुझ्नुपर्ने रहेछ । सरकारी कर्मचारीहरुलाई त मुखै खोलेर नभने सम्म काम गर्दा रहेछन् ।”





*कार्यक्रमका केहि तस्बिरहरु*